# आर्थिक वर्ष २०७७/०७८ को बजेट बक्तव्य, नीति तथा कार्यक्रम

श्रीमान् सभाध्यक्ष महोदय,

नगरसभाका सदस्यज्यूहरु,

सम्पुर्ण अतिथी गण,

र उपस्थित महानुभावहरु ।

सर्वप्रथम, नेपालको इतिहासमै पहिलोपटक सबैभन्दा बढी अधिकार स्थानीय क्षेत्रमा आउने गरी सम्पन्न स्थानीय तहको ऐतिहासिक निर्वाचन पश्चात् बस्दै गरेको पचरौता नगरपालिकाको नगर सभाको पाचौ अधिवेशनको पहिलो बैठकमा उपस्थित हुनु भएका निर्वाचित नगरसभाका सम्पुर्ण सदस्यज्युहरुलाई पुन हार्दिक बधाइ तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु ।

नेपालको इतिहासका विभिन्न कालखण्डमा मुखरित भएका जनताका आवाज वा चाहना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थायुक्त वर्तमान स्वाधीन नेपालको स्थानीय सरकारको रुपमा रहेको यस पचरौता नगरपालिकाको गरिमामय दोस्रो नगरसभामा नीति तथा कार्यक्रम र समग्र आय व्ययको विवरण (बजेट) प्रस्तुत गर्ने सुअवसर पाएकोमा व्यक्तिगत रुपमा समेत गौरवान्वित महसुस गरेको छु ।साथै वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नुभएका समस्त ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

करिब २० वर्ष लामो समय सम्म जनप्रतिनिधि विहीन अवस्थामा समेत जनता प्रतिको सेवाभाव प्रस्तुत गरी जनताको विकासको चाहनाको सारथीको रुपमा भूमिका निर्वाह गर्नु भएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र नीति कार्यक्रम तथा बजेट कार्यक्रम बनाउने काममा सहयोग गर्न अहोरात्र खट्नुभएका कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सभाध्यक्ष महोदय,

बारा जिल्लाको दक्षिण भुभागमा अवस्थित ४४०१० वर्ग किलोमिटर क्षेत्रफल भएको पचरौता नगरपालिकाको भाग्य र भविष्यको फैसला गर्ने चरणका साक्षी हामी जनप्रतिनिधि सामु थुप्रै अवसर र साथसाथै चुनौतिहरु पनि विद्यमान छन् । स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको पुर्ण कार्यान्वयनका लागि सारा राज्य लागिरहेको वर्तमान अवस्थामा यो एक नितान्त नयाँ प्रणाली र प्रकृया भएकाले केही अन्यौलता र द्विविधाका बाबजुत नेपालको संविधान, ऐन कानून, मन्त्रालय तथा प्रदेस सरकार बाट प्राप्त दिग्दर्शन आदिका आधारमा विभिन्न विषयगत सिलिङको आधारमा सहभागितामूलक तवरले आयोजना र कार्यक्रम छनौट गरी नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौं ।

हामीविच रहेका अनुपम साधन श्रोतको न्यायोचित प्रयोग गर्दै कर्मचारी प्रशासन र सम्पूर्ण नगरवासीहरुको साथ र सहयोगमा सम्पूर्ण विकास साझेदरहरुको सहकार्यको साथ हामीहरुमा प्राप्त यो एतिहासिक जिम्मेवारीलाई पुरा गर्न प्रतिब्धता व्यक्त गर्दै हाम्रो कार्यकाल भित्रै देशको नमुना नगरपालिकाको रुपमा पचरौता नगरपालिकाको विकासको गतिलाई अघि बढाउने प्रण गर्दछौ।

**आदरणीय महानुभावहरु,**

आज हामी यस सम्मानित गरिमामय सभामा पचरौता नगरपालिकाको आउदा दिनको भाग्य र मार्गचित्र कोर्नका निमित्त यहाँ उपस्थित भएका छौ।

नेपाल सरकारको निर्णयबाट स्थापित भएको यस नगरपालिकाका थुप्रै चुनौतीहरु रहेका छन्।न्यूनतम पूर्वाधार समेत व्यवस्था नभएको यस नगरपालिकाका स्थानियवासीहरुले कष्टकर जीवन जीउन बाध्य हुनुपरेको छ।विगतमा गाविसहरुको न्यून आयश्रोत र केन्द्र सरकारको सिमित अनुदानले न्यूनतम पूर्वाधारको विकास समेत गर्न सकिने अवस्था थिएन। हालै आएर नेपालको संविधानको कार्यन्वयन संगै स्थानिय तहहरुलाई बजेट व्यवस्था भएतापनि स्थानिय तहको गठन भइ कार्य प्रारम्भ भएको अवस्थामा दरबन्दि अनुसारका कर्मचारीहरुको व्यवस्था हुनमा ढिलाइका कारण बजेट कार्यान्वयन तथा प्रवाह गर्नुपर्ने सेवाहरुमा निकै कठिनाइहरु आइपरेका छन्।

अव, म चालु आ.व. २०७७/०७८ का लागि योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७७/०७८ को नगरपालिकाको योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरू, चौधौं आवधिक योजनाका नीति, रणनीति र प्राथमिकताहरु, स्थानीय सरकार संचालन ऐन २०७४, तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय लगायत विभिन्न मन्त्रालयवाट प्राप्त मार्गदर्शन तथा यस पचरौता नगरपालिकाको बस्तुगत आवश्यकतालाई मुख्य आधार बनाइएको छ ।

**पचरौता नगरपालिकाले आ.व. २०७७/०७८ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु
- नेपाको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु,धारा ५९ को आर्थिक अधिकार,भाग १९ को आर्थिक कार्यप्रणाली
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।
- स्थानीय सरकार संचालन ऐनका प्रावधानहरु ।
- विकासका समयामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट बेरोजगार लगायतका अन्तरसम्बन्धित विषयहरु ।
- पचरौता नगरपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

**<u>योजना र आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु</u>**

- यस नगरपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक  पुर्वाधारहरु ।
- उत्पादनमूलक र शिघ्र प्रतिफल दिने ।
- आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुऱ्याउने ।
- छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।
- पारदर्शिता र सुशासन अभिवृद्धि हुने ।
- स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने।
- प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।
- परम्परागत धर्म,संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने।
- वातावरण संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउने
- नगरपालिकाको राजस्व संकलनमा अभिवृद्धि पुग्ने ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

हामीले यस आ.व. २०७७/०७८ को बजेट तर्जुमा गर्दा आधार लिइएका  र आगामी दिनमा पुरा गर्नेगरी लिइएका नीतिहरु निम्नानुसार रहेका छन् ।

**पचरौता नगरपालिकका समस्टीगत नीतिहरुः**

- हाम्रो विकासको चाहना र जनभावना अनुरुप पचरौता नगरपालिका बासी जनताको आर्थिक समृद्धिका लागि पाँच वर्षसम्म हामीहरुले तय गर्ने योजना, आयोजनाहरुको यो प्रथम आधार बजेटको रुपमा यो बजेट कार्यक्रम प्रस्तुत गरिएको छ ।
- विकास निर्माणमा हुने ढिलासुस्ती र प्रकृयागत झन्झटलाई अन्त्य गर्न नसकेको खण्डमा हामी लक्ष्यमा पुग्न कठीन हुने यथार्थलाई आत्मसाथ गर्दै यस आ.व. देखि गुणस्तरीय विकास निर्माण र द्रुत कार्यसम्पादन मापदण्डको व्यवस्था गर्न दण्ड र पुरस्कारको नीति लिइनेछ ।

- नगरपालिका भित्र संचालन हुने विभिन्न योजना तथा कार्यक्रमलाई गुणस्तरिय तथा पारदर्शी बनाउन रु ३००,०००।– भन्दा बढि लागतको योजना तथा कार्यक्रमको योजना संचालन
स्थलमै सुचना वोर्ड राख्ने तथा सबै योजना तथा कार्यक्रमहरुको कार्य सम्पन्न पश्चात सबै उपभात्ताहरुको उपस्थितिमा सार्वजनिक परिक्षण गर्ने व्यवस्था गरिनेछ।प्रत्येक योजना तथा कार्यक्रमको प्रत्येक वडामा वडास्तरिय अनुगमन समिति र नगरपालिकाको प्रमुखको अध्यक्षतामा नगरपालिका स्तरिय अनुगमन गरि तीन तहको अनुगमन संयन्त्रबाट सबै योजना तथा कार्यक्रमहरुको अनुगमनको व्यवस्था मिलाइने छ।
- नगरपालिकाको समग्र विकासका लागि सहकारी संस्था र सामाजिक संघ संस्थाहरु सँगको सहकार्यलाई जोड दिइनेछ। नगरपालिकामा कार्यक्रम स्वीकृत गराएमा संघ संस्थाहरु सँग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रम संचालन गरिनेछ भने,नगरपालिकामा समन्वय नगरी यस क्षेत्रमा कार्यक्रम संचालनको लागि रोक लगाइने छ।
- स्वस्थ, अनुशासन र राष्ट्रिय गरिमाका लागि खेलकुद र खेलाडीको प्रबर्धन गर्न कम्तिमा एक वडा एक खेलकुद मैदानको नीति अवलम्बन गरिनेछ।नगर तथा वडा तहमा विविध विधाका खेलकुद कार्यक्रम संचालन गरि खेलाडीहरुको पहिचान र क्षमता विकासको अवसर प्रदान गरिनेछ। नगरपालिकाको केन्द्रमा एक कभर्ड हल निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ।
- नगरपालिकामा एउटा समपुरक कोषको सथापना गरीनेछ र नगरको पुर्वाधार विकास ,स्वरोजगारमुलक कार्यक्रम, व्यवसाय प्रवर्धन,सुचना प्रविधि, सरसफाई, चेतनामुलक तथा शैक्षिक कार्यक्रम र विकास निर्माण सम्बन्धि कुनै पनि कार्यक्रममा विभिन्न संघ, संस्था, निकाय वा समुदायले लागत साझेदारीमा काम गर्न चाहेमा नगरपालिकाले समपुरक कोषबाट आवश्यक बजेट विनियोजन गर्ने छ।
- नगरको आन्तरिक आय अभिवृद्धि गर्न करको दायरालाई फराकिलो पार्दै सहभागितामुलक कर नीति अवलम्बन गरिनेछ। स्थानीय सरकार संचालनको मुल आधार स्थानीय आय भएकाले नगरवासी उधोग वाणिजय संघ संस्था र स्थानीय विधालयहरु सँग सहकार्य गरि कर सचेतना तथा अभिवृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइने छ।

- नगरस्तरिय विपत्त व्यवस्थापनका लागि एक विपत्त व्यवस्थापन कोषको स्थापना गरिनेछ। कोषको रकम वृद्धि गरि प्रभावकारी काम गर्न विपत्त क्षेत्रमा काम गर्ने गैर सरकारी संघ संस्थाहरुसंग सहकार्य गरिने छ।
- अन्तर्राष्टिय गैरसरकारी संस्था नियोग तथा स्वदेशी लगानी कर्ताले नगर क्षेत्रमा विशेष लगानी तथा विकास आयोजना संचालन गर्न चाहेमा त्यस्ता संस्थालाई स्वागत गर्दै लगानी मैत्री वातावरण सृजना गरिने छ।
- आवधिक योजनाहरु विकासका लागि नगर स्तरीय आवधिक योनजना तर्जुमा गर्न आवश्यक पहल गर्नेनीति लिइने छ।
- पुर्वाधार विकास र सामाजिक विकासलाई संगसगै लगिनुका साथै सामाजिक विकासको नाममा अनुत्पादक खर्चलाई निषेध गिरने नीति लिइने छ।
- आर्थिक वर्षको अन्तमामात्र काम गर्ने परिपाटीलाई अन्त्यगरी बाह्रै महिना योजना तथा विविध गतिविधिहरु संचालन गर्ने तर्फ ध्यान दिइने छ।
- सार्वजनिक सुनुवाइ कार्यक्रमलाई निरन्तरता दिइने छ।
- सार्वजनिक परिक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- निर्माण कार्यको भौतिक परिक्षण गराइने तर्फ ध्यान दिइने छ।
- योजना कार्यान्वियनमा उपभोक्ताको अनिवार्य संलग्नता गराइने छ।
- भौगोलिक विकटता र परनिर्भरताको बजार हाम्रो नगरपालिकाको चुनौति हो । यसलाई मध्यनजर गर्दै एकिकृत बस्ती निर्माण कार्यक्रम तथा एक गाउँ एक उत्पादन कार्यक्रम मार्फत ठूला कृषि र पशु परियोजनाहरुको सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्न र समृद्धिको आधार तय गरिनेछ ।
- यस नगरपालिकाको कार्यसम्पादनमा कर्मचारीहरुको अभावमा असर पुगिरहेको अवस्थामा अन्य क्षेत्रबाट कर्मचारी आवागमनमा थप आकर्षण ल्याउनको लागि मापदण्ड तोकी प्रोत्साहन १२ प्रतिशत रकम स्थानीय भत्ता सवरुप उपलब्ध गराइने छ । साथै यस विषयमा केहि संशोधन गर्नुपरेमा सो अधिकार कार्यपालिकालाई दिईनेछ ।
- वडास्तरीय भेलावाट प्राप्त आयोजनाहरु, क्रमागत तथा अधुरा योजनाहरु र दुई वा दुईभन्दा वढी वडाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई छनौट गरिएको छ ।

- यस पचरौता नगरपालिका क्षेत्रमा प्लास्टिकको प्रयोगलाई निरुत्साहित गर्ने नीति अबलम्बन गर्दै सीसा, प्लास्टिक जस्ता नकुहिने फोहोर पदार्थलाई नवीकरण गर्न उद्योगसम्म पुर्याइनेछ ।

<u>आर्थिक विकास सम्बन्धी नीतिहरु</u>

- पशुपालन र कृषिको लागि ठूला २ वटा कृषि केन्द्रको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- रोजगारीको लागि उत्पादन कार्यक्रम मार्फत प्रत्येक वर्ष रोजगारी वृद्धि गर्ने कार्यक्रम तय गरिने छ ।
- कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । प्रमुख वालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । सिँचाइ, मल खाद्य, विउ विजनको उपलब्धतामा जोड दिइनेछ । पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिइन्छ ।
- रासायनिक मल विषाधिका कारण मानव स्वास्थ्यमा परेको प्रकुल असरलाई न्यूनिकरण गर्न अर्गानिक तरकारी खेतिको प्रवर्धन र विकासमा टेवा पुग्ने गरि “**किसानको गोठमा अनुदान किसानको ओठमा मुस्कान**“ यसै वर्ष देखि अभियान संचालन गरिने छ। यसका लागि २ वर्ष भित्र अर्गानिक तरकारी सहकारी स्थापनाका लागि यसै वर्षबाट आवश्यक पहल थालनी गरिनेछ।
- तरकारी संकलन केन्द्रहरु संचालनमा हुने छन साथै कृषि उत्पादन वृद्धिका लागि आधुनिक प्रविधि र तालिमको व्यवस्था गरिनेछ।
- उन्नत जातका गाई, भैंसी,बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरण प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिनेछ।कृषि तथा पशुपंक्षी बिमा सेवा कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ।
- उत्पादनमुलक रोजगारीको अवसर सिर्जना हुने कार्यक्रम र आयोजनालाई विशेष प्राथमिकता दिइनेछ ।
- पचरौता नगरपालिकाको बेनौली स्थित पोखरीलाई सम्भाव्य पर्यटकिय एबं धार्मिक स्थलको रुपमा बिकास गरी आन्तरिक पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

भौतिक पुर्वाधार सम्बन्धी नीतिहरु

- यस पचरौता नगरपालिकाका प्राय सबै वडाहरु र बस्तीहरुमा सडक यातायातको असुविधाहरु लाई मध्यनजर गर्दै सडक यातायात र नाला निर्माणलाई मुख्य प्राथमिकता राखी निकट भविष्यमा सबै नागरिकलाई सुलभ सडक यातायातको पहुचमा पुर्याउने नीति लिइने छ ।
- बोर्डर संग जोडिने सडकहरुलाई आर्थिक मार्गको रुपमा विकास नीति लिइने छ ।
- नगरपालिका स्तरका मुल सडक वर्षभरी संचालनका लागि पालिका स्तरको मर्मत सम्मभार कोषको व्यवस्था गरिनेछ।
- भवन निर्माण आचार संहिता २०७२ कार्यन्वयनमा ल्याइने छ। भुकम्प प्रतिरोधात्मक संरचना निर्माणलाई अनिवार्य गरिने नीति अवलम्बन गरिने छ।
- भिन्न क्षमता मैत्री, विधालय तथा सरकारी एवं सामुदायिक भवन निर्माण गर्दा बालबालिका एवं भिन्न क्षमता मैत्री निर्माण गरिने छ ।
- सौर्य विद्युतीकरणका लागि नगरपालिकाका सबै वडाहरुमा ५ वर्ष भित्र सोलार जडान गराइनेछ ।

सामाजिक विकास सम्बन्धी नीतिहरु

- नगर क्षेत्रमा बहुमुखि क्याम्पस संचालन गर्न तथा प्राविधिक उच्च शिक्षा प्रदान गर्न र दक्ष प्राविधिक जनशक्ति उत्त्पादनका लागि प्राविधिक शिक्षालय स्थापना गर्न यसै वर्षदेखि पहल गरिने छ।
- नगरपालिका भित्रका विद्यालयहरुलाई आवश्यकताको आधारमा शैक्षिक सामाग्री, कम्प्युटर तथा फर्निचर उपलव्ध गराई गुणस्तरीय शिक्षाको जग वसाईनेछ ।
- नगरपालिका भित्रको सबै विधालयहरुको स्तरोउन्नति गर्दै लैजाने ।
- प्रत्येक वडामा १/१ वटा विद्यालय नमूना विद्यालयको सम्भाव्यता अध्ययन गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेवकले पुर्याएको योगदानको कदर गर्दै निजहरुलाई प्रोत्साहित गरिने नीति लिईएको छ ।
- नगरपालिका भित्रको सबै स्वास्थ्य चौकीहरुको स्तोरोउन्नती गर्दै लैजाने र प्रत्येक स्वास्थय संस्थामा २४ धन्टा प्रसुती सेवा उपलब्ध गराडईने छ।

- लक्षित समुदायलाई योजना प्रक्रियामा अर्थपूर्ण सहभागी गराई उनीहरुको क्षमता तथा आर्थिक विकासका लागि जीविकोपार्जन सुधार, पहुँच अभिबृद्धि एवं शसक्तीकरण कार्यक्रमलाई वढावा दिईनेछ ।
- एक २५ शैयाको अस्पतालको निर्माणको लागि आवश्यक पुर्वाधार मिलाउने योजना तयार गरिने छ ।
- प्रत्येक घरधुरीलाई स्वस्थ र स्वच्छ खानेपानी पुर्याउने लक्ष्य लिइएको छ ।
- शिक्षा र स्वास्थ्य क्षेत्रमा हालसम्म भएका लगानीले स्वस्थ शिक्षित र सभ्य नागरिक उत्पादन भएको उपलब्धीलाई संस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा संचालित कार्यक्रमहरुको प्रभावकारी अनुगमन गरिनेछ ।

<u>वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति</u>

- प्राकृतिक एवम् मानवीय संकट र प्रकोपबाट पुर्वसुरक्षा, व्यवस्थापन र क्षतिपुर्तिलाई वैज्ञानिक रुपमा संचालन गरिनेछ ।
- घर नक्सा पास गर्दा घरमा अनिवार्य २ वटा विरुवा लगाउने नीति अवलम्वन गरिनेछ ।
- वातावरण तथा जलवायुमैत्री पुर्वाधारको विकासमा जोड दिइनेछ ।

<u>संस्थागत विकास,वित्तीय व्यवस्था र सुशासन सम्बन्धी नीति</u>

- सेवा प्रवाहलाई सबै वडामा सुचना तथा प्रविधिमा आवद्ध गरी छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउन सुचना प्रविधिको उपयोग गरिनेछ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको फोटो सहितको विवरण सफ्टवेयर वनाई अपलोड गरिनेछ ।
- पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीमा आवद्ध गरिनेछ
- नगरपालिकाको पाश्वचित्र, श्रोत नक्सा र विकास गतिविधि सम्वन्धी समेटिएको वृत्तचित्र निर्माण गरी नगरपालिकाको वास्तविक दर्पण जानकारी गराईनेछ ।
- पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकासमा जोड दिईनेछ । सोको लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

- सेवा प्रवाहमा सहजता ल्याउन नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई फर्निचर, कम्प्युटर तथा मेसिन औजारले सुसज्जित जस्तो सुकै अवस्थामा पनि सेवा प्रवाह गर्न सकिने अवस्था कायम गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्ट्राचारमुक्त र जनउत्तरदायी बनाइनेछ । र भ्रष्ट्रचारप्रति शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।
- दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव छैन । नगरपालिका घोषणासगै राजस्वका क्षेत्र पहिचान गरि दायरा विस्तार गर्ने प्रयास गरिएको छ । साथै साविकका स्थानीय निकायले लगाउदै आएका सेवा शुल्क र दस्तुरको दरमा सामान्य परिमार्जन गरिएको छ ।
- आत्म निर्भर नगरपालिकाको सोच अनुरुप वढी भन्दा वढी आन्तरिक राजस्व परिचालन गर्न स्वघोषणामा आधारित कर निर्धारण पद्धति अवलम्वन गरिनेछ । नागरिक स्वयंलाई कर दायित्वको जिम्मेवारी वोध गराउन जोड दिईनेछ ।

## बजेट बक्तवय तथा कार्यक्रम

अव म आगामी आ.व. २०७७/०७८ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

यस आ.व.मा आय तर्फ नेपाल सरकारको अर्थ मन्त्रालयबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. ११ करोड ६५ लाख, सशर्त अनुदान तर्फ रु. १५ करोड ७५ लाख, समपुर अनुदान ४० लाख, विशेष अनुदान १ करोड ४५ लाख, राजस्व बाँडफाँड अनुदान ७ करोड ७८ लाख ५८ हजार १ सय ४० रुपैयाँ, प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान रु. ७१ लाख ७३ हजार, सशर्त अनुदान ८० लाख, समपुरक अनुदान २० लाख, विशेष अनुदान ३० लाख तथा न.पा.को आ.व. २०७६/०७७ को संचित रहेका अनुमानित आन्तरिक श्रोत ८ करोड आन्तरिक राजस्व ९७ लाख ८९ हजार ६० गरी आ.व. २०७७/०७८ को लागि राजस्व तथा अनुदान प्राप्तिको अनुमान तथा आय तथा व्ययको प्रक्षेपण गरिएको छ । साथै संघ सरकार तथा प्रदेश सरकारबाट अन्तर सरकारी वित्तिय हस्तानान्तरणका विभिन्न बजेट उपशिर्षकमा विनियोजन भएको रकम सोही स्वीकृत कार्यक्रमको अनुदान प्राप्तिको अनुमान तथा आय व्ययको प्रक्षेपण गरिएको छ ।

त्यसैगरी उल्लेखित बजेट मध्ये संघीय सरकारको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँड अनुदान, र आन्तरिक श्रोत समेतको विनियोजन भएको चालु खर्च तर्फ रु. ३० करोड २९ लाख ९२ हजार रुपैयाँ, सोही अनुसार अनुदानहरुमा पुजिंगत तर्फ १७ करोड ७३ लाख ६८ हजार, २ सय तथा संघ सरकार तथा प्रदेश सरकारबाट अन्तर सरकारी वित्तिय हस्तानान्तरणका विभिन्न बजेट उपशिर्षकमा विनियोजन भएको रकम सोही स्वीकृत कार्यक्रमको अनुदान प्राप्तिको अनुमान तथा आय व्ययको प्रक्षेपण रकम सिमा प्राप्त हुन नसकिएकोले सोही अनुसार हुनेछ ।

**विषयक्षेत्रगत बजेट**

पुँजिगत तथा चालू खर्चमा (बिकास, आयोजना, कार्यक्रम) अन्तर्गत छुट्याइएको पचरौता नगरपालिकाको समस्टिगत विषय क्षेत्रको आधारमा निम्नानुसार रकम विनियोजन गरिएको छ ।

**आर्थिक विकास क्षेत्र**

बुँन्दागत रुपमा विभिन्न सब क्षेत्र गरी आर्थिक विकास क्षेत्रमा ३ करोड ६८ लाख बजेट विनियोजन गरिएको छ ।

- आर्थिक क्षेत्र अन्तर्गत कृषि तथा पशुपंशी विकास कार्यक्रम सम्बन्धी फरक-फरक कार्यक्रममा गरी जम्मा रु. ६६ लाख रकम विनियोजन गरिएको छ ।
- उधोग कार्यक्रम सम्बन्धी फरक फरक कार्यक्रममा गरी जम्मा रु. २५ लाख रकम विनियोजन गरिएको छ।
- सहकारी क्षेत्र अन्र्तगत स्वरोजगार र सीप विकास कार्यक्रमको लागि रु. ५ लाख विनियोजन गरिएको छ ।
- वितीय क्षेत्रमा रु २ करोड विनियोजन गरिएको छ ।
- जलश्रोत तथा सिंचाई कार्यक्रमको लागि ८ लाख बजेट विनियोजन गरिएको छ ।
- पशुपंछी विकास कार्यक्रमको लागि ३१ लाख बजेट विनियोजन गरिएको छ ।
- भूमी व्यवस्थापन कार्यक्रमको लागि ३३ लाख बजेट विनियोजन गरिएको छ ।

**सामाजिक विकास**

बुँन्दागत रुपमा विभिन्न सब क्षेत्र गरी सामाजिक विकास क्षेत्रमा १७ करोड ८२ लाख ३ हजार बजेट विनियोजन गरिएको छ ।

- सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा क्षेत्रमा विधालय तलब भत्ता अन्य अनुदान बाहेकका विभिन्न फरक-फरक कार्यक्रमको लागि रु. १ करोड ५ लाख विनियोजन गरिएको छ।
- स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमको लागि रु. ५ करोड ७१ लाख ७५ विनियोजन गरिएको छ।
- खानेपानी तथा सरसफाई सम्बन्धी विभिन्न आयोजना र कार्यक्रमको लागि १९ लाख विनियोजन गरिएको छ ।
- सामाजिक सुरक्षा तथा संरक्षण अन्तर्गत रु. १ करोड १९ लाख २८ हजार रकम विनियोजन गरिएको छ ।
- यूवा खेलकुद तथा मनोरञ्जन अन्तरगत विभिन्न कार्यक्रमको लागि रु. ३ लाख विनियोजन गरिएको छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत विभिन्न कार्यक्रमको लागि रु. १९ लाख विनियोजन गरिएको छ ।

**पुर्वाधार विकास क्षेत्र**

बुँन्दागत रुपमा विभिन्न सब क्षेत्र गरी पुर्वाधार विकास अन्तर्गत विभिन्न स्थानीय भवन, आवास, तथा सहरी विकास /सडक/ पुल / कल्भर्ट/ नालाहरुका लगि ११ करोड ५३ लाख विनियोजन गरिएको छ ।

- यातायात पूर्वाधार आयोजनाहरुको लागि रु. ८ करोड ४५ लाख विनियोजन गरिएको छ।
- भवन, आवास तथा सहरी विकास निर्माणको अन्य योजना तथा कार्यक्रमको लागि रु. १ करोड ८५ लाख ५० हजार विनियोजन गरिएको छ।
- उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) क्षेत्रको लागि रु. २५ लाख ५० हजार विनियोजन गरिएको छ।
- सुचना प्रविधि क्षेत्रको लागि रु. १० लाख विनियोजन गरिएको छ।
- सम्पदा पूर्वाधारमा ९७ लाख बिनियोजन गरिएको छ ।

**सुशासन तथा अन्तर सम्बन्धि क्षेत्र**

- शान्ति तथा सुव्यवस्था संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ रु. ३३ लाख विनियोजन गरिएको छ ।

**कार्यालय सञ्चालन तथा प्रशासनीक क्षेत्र**

- नगरपालिका, वडा, र मातहतमा कार्यालयहरु समेतको कार्यसञ्चालन तथा प्रशासनीक खर्च तर्फ रु. १३ करोड ८७ लाख १७ हजार २०० विनियोजन गरिएको छ ।

भैपरी आउने चालू खर्च र पुजिगत खर्च तर्फ

- वर्तमान संक्रमकालीन विश्वभरी कोभिड-१९ ले महामारीको रुपमा लिएको कोरोना भाइरसको महामागरीलाइ रोकथा९संलग्न विश्वभरी कोभिड-१९ ले महामारीको रुपमा लिएको कोरोना भाइरसको महामागरीलाइ रोकथाम तथा नियन्त्रण गर्नको लागि तथा नगरपालिकाको आवश्यकता अनुसार विभिन्न कार्यक्रम सम्बन्धित शिर्षकबाट नै खर्च गर्ने गरी भैपरी आउँने चालू खर्च रु. ३० र भैपरी आउने पुजिगत शिर्षकमा १७ लाख ५० हजार विनियोजन गरिएको छ।

श्रीमान् सभाध्यक्ष महोदय

सदस्य ज्यहरु

उपस्थित महानुभावहरु

यसरी आ.ब. २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेटको उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुर्याउनुहुने नगर सभा, नगर कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारी ज्युहरु, वस्ति स्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, बजेट निर्माण प्रकृयामा अहोरात्र खटिरहनुभएका कर्मचारी ज्युहरु लगायत बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनु हुने एवम् अमुल्य सहयोग, सदभाव, सल्लाह दिनुहुने सम्पुर्णप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।